# प्रदेश राजपत्र


कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, पौष २५ गते, २०८१ साल (संख्या १७


## भाग-३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### कर्णाली प्रदेश, सुर्खेतको

### <u>सूचना</u>

**<u>कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०८१</u>**

**<u>प्रस्तावनाः</u>** कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन ) (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०८१ को दफा ४ मा संशोधनः</u>** कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (१) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"**<u>स्पष्टीकरणः</u>** खण्ड (ग) को प्रयोजनको लागि "कार्यालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास कार्यालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा पशु अस्पताल तथा पशु सेवा कार्यालय सम्झनु पर्छ।"

३. **<u>मूल कार्यविधिको दफा १४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १४ को उपदफा (५) र (६) को सट्टा देहायका उपदफा (५), (६), (७) र (८) राखिएका छन्-

"(५) उपदफा (२) बमोजिमको क्रियाकलाप सञ्चालनका लागि लाभग्राही छनौट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सदस्य - संयोजक

(ख) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको समानुपातिक सदस्य - सदस्य

(ग) स्थानीय तहको अध्यक्ष वा प्रमुख - सदस्य

(घ) सम्बन्धित कार्यालयको प्रमुख - सदस्य-सचिव

(६) उपदफा (५) बमोजिमको समितिले लाभग्राही छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा न्यूनतम मापदण्ड पुगेका कम्तीमा तीनवटा बस्तीहरु छनौट गरी तिनिहरुको प्राथमिकताक्रम तोक्ने,

(ख) लाभग्राहीको छनौट चालु आर्थिक वर्षको पौष मसान्तभित्र गर्ने।

(७) लाभग्राहीको माग बमोजिम छनौट भएका क्रियाकलाप सञ्चालन गर्दा लाभग्राही वा कार्यालय मार्फत सञ्चालन गरिने क्रियाकलाप उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(८) उत्पादन सामाग्री खरिद गर्दा प्रदेश सरकारको सहयोगमा सञ्चालन भएका कृषि तथा पशुपन्छी र मत्स्य स्रोत केन्द्रमा उपलब्ध भएमा त्यस्तो स्रोत केन्द्रबाट खरिद गर्नु पर्नेछ।"

४. **मूल कार्यविधिको दफा २६ मा संशोधनः** मूल कार्यविधिको दफा २६ को,-

(१) उपदफा (३) को खण्ड (घ), (ङ) र (च) झिकिएका छन्।

(२) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) उपदफा (२) बमोजिमका लाभग्राही छनौट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(ङ) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सदस्य - संयोजक

(च) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रको समानुपातिक सदस्य - सदस्य

(छ) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख - सदस्य

(ज) सम्बन्धित कार्यालयको प्रमुख - सदस्य-सचिव

(३ख) उपदफा (३क) बमोजिमको समितिले लाभग्राही छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) उपदफा (३) को खण्ड (ग) बमोजिमको मूल्याङ्कन प्रतिवेदनलाई आधार लिने,

(ख) लाभग्राहीको छनौट चालु आर्थिक वर्षको पौष मसान्तभित्र गर्ने।"

५. **मूल कार्यविधिको दफा २७ मा संशोधनः** मूल कार्यविधिको दफा २७ को उपदफा (१) को खण्ड (ख) मा रहेका "नश्ल सुधार" भन्ने शब्दहरु पछि "माउजात" भन्ने शब्द थपिएको छ।

६. **मूल कार्यविधिको दफा २९ मा संशोधनः** मूल कार्यविधिको दफा २९ को उपदफा (१) को खण्ड (ग) मा रहेका "नश्ल सुधार" भन्ने शब्दहरु पछि "माउजात" भन्ने शब्द थपिएको छ।

निर्णय भएको मितिः २०८१/०९/०२

आज्ञाले,
टिकाराम थापा
प्रदेश सरकारको सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय